# हामी संग बोल्ने परमेश्वर

**Pastor S. James**

**July 7th, 2022**

*प्रार्थना*

*प्रभु धन्यबाद, धन्यबाद, धन्यबाद प्रभु यो सबै संसारको सँकटमा हजुर हामी संगै हुनुहुन्छ । हजुर को उपस्थीति हामी संग भएको लागी धन्यबाद । हामीलाइ हजुर को बचन बाट शिक्षा चाहिन्छ हजुर को शिद्धान्त हामीलाइ चाहिन्छ । हजुर को बचन र हजुरको सिद्धान्त बुझ्न समझको आखाँ खोलिदिनुहोस् प्रभु । हजुर को आत्मा को बचन हामीले सुन्न सकौ त्यसमा हामीले चंगाइ , छुटकारा, आत्मिक शक्ति बल सबै पाउछौ । हामीलाइ छुनुहोस् प्रभु सारा आदर , महिमा सबै हजुर कै हो सबै प्रार्थना येशु मशिह को नाममा आमेन ।*

हाम्रो परमेश्वर असल हुनुहुन्छ त्यसकारण  उहाँ को इच्छा आफ्नै छोरा छोरी को लागी असल मात्र होइन सिद्ध हो । हामीले उहाँ को इच्छालाइ हेर्दैनौ पहिला हामी ब्यक्ति हेर्नु पर्छ । ब्यक्ति उहाँ असल हुनुहुन्छ । हामीले पितालाइ हेर्न को लागी हामीले यैशुलाइ हेर्नु पर्छ । येशु बिना हामीले पितालाइ हेर्न सक्दैनौ । धेरै जना ब्यक्तिहरु परमेश्वरको इच्छा भन्दा डर्ने गर्छन् । उनीहरु सोच्छन् परमेश्वर को इच्छा पालन गर्दा धेरै दुख हुन्छ कष्ट हुन्छ त्याग , बलिदान गर्नुपर्छ भनेर सोच्ने गर्छन् । तर त्यस्तो होइन धेरैलाइ परमेश्वरले साधारण जीवन जीउनको लागी बोलाइएको छ । कमलाइ सेवामा र अतिनै कमलाइ त्याग र बलिदान गर्न । परमेश्वरको  इच्छा २ प्रकारका छन् । एउटा उहाँको इच्छा हाम्रो इच्छा संग जोडिएको छ । र अर्को उहाँ को इच्छा मान्छे संग जोडिएको छैन । परमेश्वर सारा संसारलाइ प्रेम गर्नुहुन्छ । हामीले उहाँलाइ प्रेम नगरे पनि उहाँले हामीलाइ प्रेम गर्नुहुन्छ , कारण परमेश्वर नै प्रेम हुनुहुन्छ । परमेश्वरको प्रेम हामी माथि हाम्रो प्रतिज्ञाको अनुसार होइन । म पापी हुदा नै म परमेश्वर को शत्रु हुदा नै मेरो निम्ति यस संसारमा येशु आएर मेरो निम्ति मर्नुभयो । यो हो उहँको निस्वार्थ र बिना सर्त को प्रेम । उहाँ स्त्री द्धारा जन्मेर यस संसारमा आउनुभयो यो मान्छे को इच्छा थिएन यो परमेश्वर को इच्छाले आउनुभयो र फेरी येशु यस संसारमा आउदैहुनुहुन्छ त्यो पनि मान्छे को इच्छाले आउन लागेको हाइन हामीले नआइजो भने पनि उहाँ आफ्नो इच्छाले आउनुनै हुनेछ । त्यस कारणले सर्त को इच्छा र बिना सर्त को इच्छा परमेश्वर को छ । हामी कोहि कोहि बेला थोकहरु किन्न सुपर मार्केट जादा खेरी हामी अफर हर्ने गर्छौ । दुइ वटा किन्यो भने एउटा फ्रि हामीले गएर मलाइ दुइ वटानै फ्रिमा दिनुस् भन्यो भने हामीलाइ सित्तैमा दुबै दिदैनन् । एउटा किन्नुहोस् भन्छन् । त्यहाँ दुइ वटा इच्छा जोडिएको छ एउटा दोकानको मालिक को इच्छा र अर्को मेरो इच्छा दुबै को इच्छा मिल्नु पर्छ । परमेश्वरको इच्छा कसैको पनि नास नहुनु हो , तर पनि धेरै को नास हुन्छ ।  कारण परमेश्वरको इच्छा यो हो कि मेरो नास नहोस् तर त्यो परमेश्वर को इच्छा संग मेरो पनि इच्छा जोडिनु पर्छ । येशु त मेरो लागी कुशमा मर्नुभयो तर म त्यो येशु को प्रेम , त्याग , बलिदान , र उहाँको मेरो प्रति दया , कृपा सबै म इन्कार गर्न सक्छु । परमेश्वरको इच्छा हो म्रो उद्धार तर यदि मैले परमेश्वरको इच्छालाइ लत्याए र उहाँको बलिदानलाइ स्वीकार गरीन भने मेरो उद्धार हुदैन । त्यसैले परमेश्वरको इच्छा र मेरो इच्छा दुबै मेल खानु पर्छ । परमेश्वर को इच्छा हो कि म यो संसार देखी अलग हुनु । मण्डलिमा भएका धेरै जना अलग भएकै छैनन् त्यसमा परमेश्वर ले केहि पनि गर्न सक्नुहुन्न । उहाँले हाम्रो माथि सबै कुरा छोड्नु भएको छ । रोमी को ११ अध्यायमा ख्रिष्टको सबै सिद्धान्त सिकाए पछि रोमी १२ अध्याय को १ मा त्यहाँ भनिएको छ हे मेरो भाइहरु परमेश्वर को कृपा हेरेर बिन्ति माग्दैछु सबैले आफ्नो आफ्नो शरीरलाइ जीवित बलिदानको रुपमा अर्पण गर । जबरजस्ती अलग हुन सक्दैन । तर यो परमेश्वरको इच्छा हो अलग हुनु र पनि धेरै जना अलग हुदैनन् । सबै अलग भएका मान्छेहरु पबित्रकरण हुदैनन् । फरिसीहरु सबै संसार बाट अलग भएका मान्छेहरु हुन् तर पबित्र करण भएका छैनन् । हाम्रो जीवन पनि त्यस्तै हो । त्यसकारण जब सम्म हामी आफै पबित्र करण हुन खोज्दैनौ तब सम्म हामीलाइ परमेश्वरले पबित्र गर्न सक्नुहुन्न । परमेश्वरको इच्छा हो हामी उद्धार पाएका मान्छेहरु संसार बाट अलग हुनु त्यसपछि पबित्रकरण हुनु र त्यसको साथ साथै पबित्र करण भए पछि परमेश्वरको सेवामा आफुलाइ समर्पित  गर्नु । हामी जुन सुकै काम गरौ हामी त्यस काम बाट पनि परमेश्वरको सेवा गर्न सक्छौ । जस्तै युसुफ पोतिफर को घरमा बसेर पनि उसको काम गरेर पनि युसुफले परमेश्वरको महिमा गर्ने काम गरीरहेका थिए । त्यसकारणले युसुफ संग परमेश्वरको उपस्थीति थियो । परमेश्वर को इच्छा यो होकि सबैले परमेश्वरको सेवा गरोस् र पनि धेरै जनाले उहाँको सेवा गर्दैनन् कारण पत्रिकरण भएका छैनन् । आफ्नै सेवा गर्छन् जस जसले यो चार कुरा गरेका छन् उद्धार पाएका छन् , संसार बाट अलग भएका छन् , पबित्र करण भएका छन् , र साथै परमेश्वरको सेवामा मन दिएका छन् उनीहरुको जीवनमा परमेश्वर को राज्य को निम्ति उहाँको इच्छा पुरा गर्न को निम्ति धेरै दुख र कष्ट भोग्नु पर्ने हुन्छ । परमेश्वर को सेवा गर्ने मान्छे पनि दुख सुन्दा भागिहाल्छन् । संसारमा अर्को एउटा शिक्षा पनि छ यदि येशुमा आउछौ भने दुख नै हुदैन तर त्यो गलत हो येशुमा आउनेहरुलाइ पनि दुख हुन्छ ।  येशु संग हामीले दुख भोगेनौ भने एक दिन हामी परमेश्वर संग शाषण गर्न सक्दैनौ । परमेश्वरको इच्छा हुदा हुदै पनि मेरो इच्छा पनि जोडेको छ । यदि हामी परमेश्वरमा दुख उठाउन तयार हुदैनौ भने हाम्रो सेवाकायी चल्छ होला तर माथि हामीले मुकुट पाउदैनौ । युसुफले जस्तो दुख उठाउदा आनन्दित हुनुपर्छ , सधै प्राथृना र  धन्यबाद को भेटि उठाउनु पर्छ । हबकुकले दुखको बिचमा उसले परमेश्वर को आराधना गर्‍यो । परमेश्वर को राज्यको कारणले दुख भोग्दा पावल र सिलासले आनन्दको साथ प्रार्थना गरेर धन्यबादको भेटि उठाए । यो सबै काम हामीले गरे पछि परमेश्वरको इच्छा हामीहरुको जीवनमा पुरा हुन्छ । यसरी हर परिस्थितीमा आनन्द साथ प्रार्थनामा धन्यबाद को भेटि उठाउदा परमेश्वर हामीहरु संगै हुनुहुन्छ । त्यसकारण पावलले भन्छन् फिलिपी को पुस्तकमा , कोरिन्थीको पुस्तकमा  उनको हर समयमा परमेश्वर उनी संगै हुनुहुन्छ । त्यसकारणले पावलले हर परिस्थितीलाइ पार गर्न सके यदि हाम्रो जीवनमा पनि यसरीनै हर दिन प्रार्थना र धन्यबाद को भेटि आनन्द साथ गर्छौ भने हामी पनि हर किसिम को बोझ सजिलै पार

गर्न सक्छौ। यो शिक्षालाइ बाइबलमा धार्मीकता को शिक्षा भन्छ। यो शिक्षाहरुले हामीलाइ बिश्वास को उपर बिश्वासमा र धार्मीकताको उपर धार्मीकतामा चल्नलाइ सिकाउछ।

मत्ति ७:२१ [21] 'मलाई प्रभु, प्रभु, भन्ने हरेक मानिस स्वर्गको राज्यमा प्रवेश गर्न पाउनेछैन। तर जसले स्वर्गमा हुनुहुने मेरो पिताको इच्छा पालन गर्छ। उसले स्वर्गको राज्यमा प्रवेश गर्न पाउनेछ।

स्वर्गको राज्यमा प्रवेश गर्नको लागी परमेश्वर को इच्छा पुरा गर्नुपर्छ। त्यसकारण हामीले परमेश्वरको इच्छा आज मेरो लागी के हो त्यो जान्नुपर्छ र त्यो जान्नको लागी हामीले खोज्नु पर्छ। जब बिश्वासीहरु को जीवनमा समस्या आउदा खेरी मण्डली लगाएत ब्यक्तिगत रुपमा पनि हामी यो कदमहरुलाइ अपनाउन सक्छौ । जस्तै मुस्लिम देशहरुमा , चाइना जस्ता देशहरुमा पुरै मण्डली परमेश्वरमा हरदिन प्रार्थना र धन्यबाद को भेटि उठाउछन्।

१युहन्ना २:१७ [17] मानिसहरुको इच्छा अनुसारको चीजहरु लिएर संसार अघि बढिरहेकोछ। तर त्यो मानिस जो परमेश्वरले चाहेको गर्छ त्यो सधैंको निम्ति रहन्छ।

हाम्रो जीवनमा अस्थाइ र अनन्त राखेको छ। र जसले परमेश्वरको इच्छा पुरा गर्छ त्यो ब्यक्ति सधै को निम्ति अर्थात अनन्त अनन्त काल को निम्ति रहिरहन्छ।

२ कोरिन्थी ५:७ [7] हामी विश्वासको मार्ग दर्शनमा बाँचेका छौं-जे देख्छौं त्यसले होइन।

हामी बिश्वास द्वारा हिडछौ देखेको कुरामा होइन देखेको कुरा अस्थाइ हो नदेखेको कुरा अनन्त अनन्त को लागी हुन्छ। हाम्रो दर्शन २ जगामा हुन सक्छ देखेको कुरामा नदेखेको कुरामा

हिब्रु ११:१ विश्वासको अर्थ हो, हामीले आशा गरेका कुराहरूको निश्चित छ। अनि विश्वासको अर्थ हुन्छ हामीले कुनै कुरालाई नदेखेता पनि त्यो वास्तविक छ भन्ने जान्नु।

बिश्वासमा चल्ने मान्छे अनन्त काल को कुरामा आखाँ राख्छ र बिश्वासमा नचल्ने मान्छे यो संसार को देख्ने कुरा माथि आखाँ राख्छ। हाम्रो जीवनको अर्थ हाम्रो आखाँ अनन्त कालमा हो भने मात्र थाहाँ हुन्छ होइन भने थाहाँ हुदैन। नाओमीले उसको जीवनमा १० शाल दुख भोगिन् किन दुख भोगिन् उनलाइ थाहै छैन। श्रीमान मर्यो , छोराहरु मरे उसको जीवनमा दुख आयो उनले यो सबै किन भयो देख्न सकिनन् कारण उनको आखाँ यो संसारको कुराहरु माथि थियो। र पनि परमेश्वरको काम नाओमी को जीवनमा चल्दै थियो र पनि नाओमीले देख्न सकिनन्। तर युसुफले देख्न सके। युसुफ को बिश्वास देख्ने कुरामा होइन नदेखेको कुरामा हो। प्राणमा तिन वटा भागहरु छन् पहिलो मेरो भाबना दोस्रो मेरो बिचार र तेस्रो मैले चाहेको मेरो इच्छा। बिश्वासमा चल्नेहरुको जीवनमा अलग्गै हुन्छ त्यहाँ मेरो होइन परमेश्वरको बिचार , परमेश्वरको भावना र परमेश्वरको इच्छा मेरो जीवनमा के हो त्यो खोज्छ। त्यसकारणले बचनले भन्छ बिश्वास सुनाइ बाट आउछ र सुनाइ परमेश्वरको बचन बाट आउछ। एउटा ब्यक्ति बिश्वासमा चल्नको लागी २ वटा कुराहरु चाहियो एउटा लिखित बचन मोशा आए पछि लिखित बचन आयो तर मोशा आउनु अगाडि पनि बचन थियो। नत्र भने नोहाले शुद्ध प्राणि अशुद्ध प्राणि कसरी थाहाँ भयो , दश असँ दिन को लागी अब्राहामलाइ कसरी थाहाँ भयौ ? यो सबै कुराहरु यिनीहरु सबैलाइ थाहाँ थियो यो सबै पुस्तक को रुपमा मोशा द्वारा आयो। यो सबै बिधि बिधान एउटा पुस्ताले अर्को पुस्तालाइ सिकाउथे। यो सबै उनीहरुको मनमा रहन्थ्यो। मोशाले लिएर आए पछि पनि लिखित किताब त थिएन जसले गर्दा यिनीहरुलाइ सानै देखी कण्ठ गर्न लगाउथे। त्यस पछि प्रिन्टिङ आयो त्यस पछि हामी सबैको हातमा परमेश्वर को बचन पुस्तक को रुपमा आयो। परमेश्वर को बचन मात्र होइन अर्कौ एउटा कुरा बचनमा लेखिएको छ सुनाइ बाट सबैको कान देख्दा खेरी एउटै लाग्छ र पनि हाम्रो सुनाइ एउटै होइन हाम्रो प्राणको नजर जता छ त्यहि अनुसार हामी सुन्छौ। यदि हाम्रो आखाँ अस्थाइ कुराहरुमा हो भने हामीले बचन त्यहि अनुसार मेरो लागी के छ मैले के पाउछु भनेर सुन्छौ। त्यसकारण कति पाष्टरहरुले मान्छेको भाबना अनुसार बचन बाढ्ने गर्छन्। जब त्यो बचन सुन्छन् तब परमेश्वरले मेरो इच्छा पुरा गर्नुहुन्छ भनेर मान्छेहरु खुसीले नाच्छन्। वास्तबमा त्यो सत्य होइन येशुले हामीलाइ एउटा बाटो देखाउनु भएको छ। जुन बाटोमा हामी जादाँ हामीलाइ दुख नै हुन्छ। बचन सुन्दा खेरी मान्छेको जीवनमा पस्चाताप हुनुपर्छ र बदलेर बदलेर रोमी १को १७ मा लेखेको अनुसार बिश्वास द्वारा धार्मीकता को बाटोमा जानुपर्छ। पाष्टर को मुख्य काम भनेको बिश्वासीहरुलाइ परमेश्वरको इच्छामा लिएर आउनु हो। हामी मण्डलीमा परमेश्वरको राज्य उहाँको धार्मीकता को लागी आएका हौ। बचनमा भन्दछ सबै भन्दा पहिला परमेश्वरको राज्य र उहाँको धार्मीकता खोजी गर बाकि सबै थोक म जोडिदिन्छु भन्नुभएको छ। अन्य जातिका मान्छेहरु उनीहरुको मन्दिरमा उनीहरुको जीवनमा केहि पाउन को लागी जान्छन्। मान्छेले उसको इच्छा उसको भाबना पुरा गर्नको लागी धर्म गर्ने गर्छन्। परमेश्वरको धार्मीकताको लागी होइन आफ्नै धार्मीकताको लागी धर्म गर्छन्। हामी अन्यजातिहरु जस्तो होइन हामी परमेश्वरको राज्य परमेश्वरको इच्छा परमेश्वरको धार्मीकता पुरा गर्न मण्डली जान्छौ।

हिब्रु १२:१८ [18] तिमीहरू नयाँ ठाउँमा आएका छौ। तिमीहरू छुन नसकिने, आगोले नजल्ने पाहाडमा आएका छैनौ। न त अन्धकारमा, विषादमा, आँधीमा आएका छैनौ। यही पाहाड हो जहाँ इस्राएलीहरू आएका थिए।
[19] यहाँ तिनीहरूले सुनेको जस्तो तुरहीको आवाज र बोलेको स्वर पनि सुन्दैनौ। जब तिनीहरूले यस्ता आवाज सुने, तिनीहरूले एउटै आवाज पनि सुन्न नपरोस्, भनेर अनुनय गरे।

उनीहरु उता जादाँ खेरी एउटा स्वर आयो । ढुङ्गामा लेखेको लेखौट मात्र लिएर मोशा आएन त्यहाँ एउटा स्वर पनि थियो एउटा आवाज त्यसकारण बिश्वास सुनाइ बाट आउछ र सुनाइ परमेश्वरको बचन बाट आउछ । त्यहाँ लिखित बचन र स्वर दुबै थियो स्वर सुनेको मान्छेहरुले के भने ?

19 यहाँ तिनीहरूले सुनेको जस्तो तुरहीको आवाज र बोलेको स्वर पनि सुन्दैनौ। जब तिनीहरूले यस्ता आवाज सुने, तिनीहरूले एउटै आवाज पनि सुन्न नपरोस्, भनेर अनुनय गरे।

उनीहरुलाइ ढुङ्गामा लेखेको बचन संग केहि समस्या थिएन तर त्यो आवाज स्वर संगं समस्या भयो र उनीहरुले त्यो आवाज सुन्न नपरोस् भनेर बिन्ति गरे । अहिले मान्छेलाइ लिखित बचन हातमा भएर केहि समस्या छैन त्यो बचनलाइ आफ्नै तरीकामा बदल्छन् । तर समस्या हो स्वर संग स्वरलाइ त बदल्न सक्दैन त्यसलाइ मान्नै पर्छ ।

20 तिनीहरूले आदेशलाई थाम्न सकेनन् "यदि पशु सम्मले पनि यो पाहाड छोए त्यसलाई ढुङ्गाले हिर्काएर मारिन्छ।"
21 तिनीहरूले जो देखेका थिए त्यो यति डरलाग्दो थियो कि मोशाले भने, "म डरले थरथरी काँपिरहेछु।"

धेरै जनाले प्रार्थना गर्दैनन् कारण प्रार्थनामा परमेशव्रले केहि भन्नुभयो भनेता सुनिन्छ सुने पछि त त्यो अनुसार काम गर्नु पर्छ । खास गरी त प्रार्थना माग्ने होइन सुन्ने हो । तर हामी प्रार्थनामा माग्छौ माग्नु भन्दा सुन्नु हो । प्रार्थनामा मागेर भागिहाल्छ फेरी सुन्यो भने अपठेरो हुन्छ ।

22 तर तिमीहरू त्यस्ता ठाउँमा आएका छैनौ। तिमीहरू सियोन पाहाडमा आइपुगेका छौ। तिमीहरू जीवित परमेश्वरको शहर, स्वर्गीय यरूशलेममा आइपुगेकाछौ। तिमीहरू हजारौं स्वर्गदूतहरूको सामूहिक आनन्दमा आइपुगेकाछौ।

अब पुरानो नियम देखी नयाँ नियम मा आउदा खेरी हामी सियौन पर्बतमा आयौ । त्यस पछि परमेश्वर को शहर , यरुशलेममा र स्वर्गदुतहरु को आनन्दमा आइपुगेका छौ ।

23 तिमीहरू परमेश्वरका प्रथम पुत्रहरूका सभामा आइपुगेका छौ जसका नाउँहरू स्वर्गमा लेखिएका छन्। तिमीहरू सबै मानिसहरूका निर्णयकर्ता परमेश्वरकहाँ आएकाछौ। अनि तिमीहरू धर्मी मानिसहरूका आत्मा भएको ठाउँमा आएकाछौ जो पूर्ण बनेका छन्।

यदि हामीले आत्मिक रुपमा हेर्ने हो भने मण्डली भनेको आत्मिक जगा हो । जब हामी मण्डली जान्छौ भने हामी सियोनमा गएका हौ । आखाँले देख्ने एउटा मण्डली छ र र अर्को आखाँले नदेख्ने मण्डली सियोन छ ।

25 होशियार बस र परमेश्वरको बोली सुन्न अस्वीकार नगर। जब परमेश्वरले पृथ्वीमा तिनीहरूलाई चेतावनी दिनुभयो ती मानिसहरूले उहाँलाई सुन्न अस्वीकार गरे र तिनीहरू भागेनन्। अहिले परमेश्वर स्वर्गबाट बोल्दै हुनुहुन्छ। अनि उहाँलाई सुन्न हामीले अस्वीकार गर्यौं भने हामी कसरी भाग्न सक्छौं?

हामी मण्डली नाच्न गाउन को लागी गएका होइनौ । जो बोल्दै गर्नुहुन्छ उहाँलाइ सुन्नको लागी जान्छौ । जब उहाँ बोल्नुहुन्छ त्यो पबित्र आत्माको आवाजलाइ इन्कार नगर । मोशा द्वारा परमेश्वर पृथ्वीमा रहेर बोल्नुहुन्थ्यो र चेतावनी दिनुहुन्थ्यो । तर अब मण्डली संग परमेश्वर.स्वर्ग बाट बोल्नुहुन्छ । मण्डली स्वर्ग देखी सुनेर त्यस अनुसार काम गर्ने हुनुपर्छ । त्यो परमेश्वरको आवाजलाइ उहाँको चेतावनी ,उहाँ को शिक्षालाइ मण्डलीले इन्कार गर्नुहुन्न । परमेश्वर भन्नुहुन्छ संसार बितिजान्छ तर जो परमेश्वरको आवाज सुनेर उहाँ को राज्य र धार्मीकता र उहाँको इच्छा उसको जीवनमा पुरा गर्छ त्यो सदासर्बदा रहिरहन्छ ।

26 त्यसबेला जब उहाँ बोल्नु भयो उहाँको आवाजले पृथ्वी थर्कियो। तर अहिले उहाँले प्रतिज्ञा गर्नुभएको छ "एकपल्ट अझै म धरती मात्र होइन तर स्वर्ग समेत थर्काउँछु।"
27 यहाँ "एकपल्ट अझै" भन्ने शब्दले स्पष्ट देखाउँदछ कि सृष्टिको हरेक चीज नष्ट हुनेछ। तर ती कुराहरू जो हल्लाउँदैनन्, रहिरहन्छन्।

मण्डली भित्र परमेश्वर हल्लाउनको लागी बोल्नुहुन्छ । जब उहाँ यो संसारलाइ हल्लाउनुहुन्छ तब अस्थाइ मान्छे र अनन्तकाल को मान्छे त्यतिखेर छुटिन्छ । मान्छे दुइ भागमा बाडिन्छन् । संसार पट्टि जानेहरु संसार पट्टि जान्छन् र अनन्तकाल पट्टि जाने मान्छेहरु अनन्तकाल पट्टि जान्छन् । त्यहि छुट्टाउन को लागी परमेश्वर यस संसारलाइ हल्लाउनुहुन्छ । भुकम्प आउदा सबै घर ढल्छ र अन्तिममा पिलर मात्र बाकि रहन्छ कारण खाबो को भित्र फलाम र बालुवा हालेर मजबुत तरीकाले बनाएको हुन्छ । त्यसैगरी जब मेरो जीवनमा समस्या आउदा मेरो आखाँ काहाँ हुन्छ संसार तिर कि परमेश्वर को तिर त्यतिखेर हाम्रो बिश्वास परमेश्वर को माथि पिलर खाबो को जस्तै मजबुत हुन्छ कि हुदैन हामी हेर्नुपर्छ ।

28 यसर्थ, हामी कृतज्ञ बन्नुपर्छ किनकि हामीले एउटा राज्य पाउँदैछौं जो हल्लिन सक्दैन। अनि हामीले उहाँलाई प्रसन्न तुल्याउने तरिकाले आदर र भयले पूज्नुपर्छ।
29 किनभने हाम्रा परमेश्वर आगो जस्तो हुनुहुन्छ जसले सखाप पार्नुहुन्छ।

जब परमेश्वरले हल्लाउदा हामी मजबुत भएर हाम्रो आखाँ अनन्तकाल को माथि राखेर नहल्ली बस्यौ भने हामीले परमेश्वरको राज्य पाउछौ । परमेश्वरको राज्य भनेको पबित्र आत्माको शान्ति , धार्मीकता र आनन्द हो । पावल को जीवनमा जेलमा पार पिट खादाँ पनि उसले प्रसंसाको भेटिहरु परमेश्वरलाइ चढायो उसको जीवनलाइ हेर्ने हो भने उसले आफ्नो जीवनमा जस्तो सुकै समस्या आउदा

उसको आखाँ उसले येशुमा राख्यो । पावलले उसको पुरा जीवन बिश्वासमा चल्यो कारण उसले परमेश्वरको राज्य उसको जीवनमा पाएको थियो । हामीले बचन पढ्नु अगाडि हामीले पनि परमेश्वरमा भन्नुपर्छ मेरो भावना होइन तपाइको भावना , तपाइकोबिचार , तपाइको इच्छा , मेरो पुरा शरीर , मेरो मन संसारको रुपमा नभएर तपाइको अनुसार होस् भनेर आफुलाइ परमेश्वरमा समर्पण गर्नुपर्छ । यसरी हामीले परमेश्वर को बचन पढ्दा खेरी परमेश्वर हामी संग बोल्नुहुन्छ ।

रोमी १२:१-२ सैले दाज्यू-भाइहरू र दिदी-बहिनीहरू, केही गर भनेर म बिन्ती गर्दछु। परमेश्वरले हामीलाई ठूलो दया देखाउनुभयो। यसकारण परमेश्वरलाई प्रसन्न गर्दै आफ्नो जीवनलाई जीवित बलिदानको रूपमा अर्पण गर। यही तिमीहरूको आत्मिक उपासना हो।
2 सांसारिक स्तरमा आफूलाई परिवर्तन नगर। तर विचारको नयाँ बाटो अप्नाएर आफूलाई आन्तरिक रूपले परिवर्तन गर। अनि त्यसपछि तिमीहरू राम्रो के हो, उहाँलाई के मन पर्छ र सम्पूर्णता के हो, आफै परमेश्वरको इच्छा पत्तो लाउन सर्मथ हुने छौ।

हामीले समर्पण सहित बचन पढ्छौ भने त्यहाँ परमेश्वर को सामर्थ आउछ । येशुले जब गेट्समणी को बंगैचामा प्रार्थना गर्दा उहाँको भाबना र परमेश्वरको भाबना , बिचार , इच्छा सबै अलग थियो , मिलेको थिएन । र पनि येशुले भन्नुभयो मेरो इच्छा होइन तर तपाइको इच्छा पुरा होस् भनेर भन्नुभयो । येशुले तिन बार परमेश्वर पितालाइ सोध्नुभयो पिता परमेश्वरले तिन बार नै हुदैन भन्नुभयो मेरो इच्छा तिमीले पुरा गर र अन्तत येशुले आफ्नो इच्छा होइन परमेश्वर पिता को इच्छा पुरा गर्नु भयो । कारण येशुको समर्पण थियो । येशुको इच्छा , भाबना , बिचार केहि पनि पिता परमेश्वर संग नमिलेता पनि येशुको समर्पण नभएको भए येशुले परमेश्वर पिताको इच्छा पुरा गर्न सक्नुहुने थिएन । यो शिक्षा हामीले ब्यक्तिगत रुपमा र मण्डली को रुपमा दुबै तरीकाले सिक्न सक्छौ । र परमेश्वर पिता को इच्छा पुरा गर्न सक्छौ । परमेश्वरको बचन हरेक ब्यक्तिले आत्मा देखी सुनेर परमेश्वरको इच्छा पुरा गर्नु पर्छ । हर ब्यक्तिको जीवनमा परमेश्वर को इच्छा अलग अलग हुन्छ त्यसकारण हामीले आफ्नो आफ्नो ब्यक्तिगत परमेश्वरको इच्छा पुरा गर्नु पर्छ हामीले अर्काको ब्यक्तिगत परमेश्वर को इच्छा पुरा गर्नु पर्दैन । कसैको जीवनमा पनि परमेश्वर को इच्छा तिम्रो जीवनमा यो हो भनेर कसैले पनि भन्न सक्दैन । अगमबक्ताको रुपमा बौल्यो भने पनि त्यो स्पष्ट हुदैन । हननियासले पावललाइ परमेश्वर को इच्छा तिम्रो जीवनमा यो हो भनेर भन्दा पावलले पुरा रुपमा नबुझेको कारणले पावल तुरुन्तै प्रचार गर्नलाइ सुरु गरे त्यस पछि परमेश्वरले साहुदी को उजाड स्थानमा तिन शाल शिक्षा दिनुभयो । परमेश्वरले पावललाइ शिक्षा नदिएको भए पावलले परमेश्वर को इच्छा उसको जीवनको लागी के हो पावलले बुझ्न सक्ने थिएनन् । त्यसैले हामीले ब्यक्तिगत रुपमा जान्नुपर्छ परमेश्वरको इच्छा मेरो जीवनमा के हो । परमेश्वर उहाँको इच्छा हाम्रो जीवनमा दुइ प्रकारले बोल्नुहुन्छ । एउटा लिखित रुपमा हामी संग बचन द्वारा बोलिसक्नु भयो । त्यसकारणले हामी सबै को हातमा परमेश्वर को बचन बाइबल छ । दोस्रोमा परमेश्वर हामी संग दिन दिनै ब्यक्तिगत रुपमा अलग अलग तरीकाले बोल्नुहुन्छ कारण हाम्रो परमेश्वर मरेको परमेश्वर होइन उहाँ निर्जीब मुर्ति होइन ,उहाँ जीवित र जिन्दा परमेश्वर हुनुहुन्छ । त्यसैले मण्डलीमा मुर्ति हामी बनाउदैनौ । मण्डलीमा मुर्ती हुनुहुदैन । परमेश्वरको बचन आफ्नो आफ्नो इच्छाले उल्था गर्न मिल्दैन किनकी हाम्रो परमेश्वर को आत्मा बोल्नुहुन्छ त्यसैले उहाँको आत्मा स्वयमले नै उहाँ को बचन को उल्था गर्नुहुन्छ । उहाँको आत्मा हो हाम्रो शिक्षक र हामीलाइ चलाउने ।

मत्ती ४:१ सपछि आत्माले येशूलाई मरुभूमिमा लगेर गयो। दुष्टात्माद्वारा परीक्षा गर्नको निम्ति त्यहाँ लगिएको थियो।

आत्माले येशुलाइ चलाउनु भयो । आत्मा को रुप हुदैन आत्मालाइ देख्न सकिदैन तर आत्मा द्वारा बोलेको कुरा सुन्न सकिन्छ । येशु आत्मा द्वारा चलाइनु भयो र येशुले सुन्नुभयो ।

रोमी ८:१४ 14 परमेश्वरका साँचो छोरा-छोरीहरू भनेका ती नै हुन् जो परमेश्वरकै आत्माद्वारा डोर्याइएका हुन्छन्।

परमेश्वर को संन्तान हुन परमेश्वरको आत्माले चलाउनु पर्छ । येशु परमेश्वरको परिपक्व छोरा हुनुहुन्छ किनभने उहाँ आत्माले चलाइएको हुनुहुन्छ । सैतानले परिक्षा गरेपनि यदि उ आत्माले चलाइएको हो भने उसले सैतान माथि जित्छ । परमेश्वर को आत्माले नचलाको मान्छेलाइ सैतानले परिक्षा गर्दा उ हार्छ । जस जसले प्रभु येशुलाइ मुक्तिदाता भनेर स्वीकार गर्छ उनीहरुलाइ परमेश्वरले आफ्नो छोरा छोरी हुने अधिकार दिनुभयो भनेर बचनमा लेखिएको छ । त्यो संन्तान बालक हो , बालकलाइ आत्माले चलाउन सक्दैन त्यो बालक ठुलो हुनुपर्छ । र त्यो बालक बढेर परिपक्व भए पछि आत्माले डोर्याउनुहुन्छ । र त्यो आत्माले डोर्याएको ब्यक्तिले सैतान र सैतानका योजनाहरु मथि जित्न सक्छ ।

गलाती ५:१८ 18 तर आत्माबाट डोरियौ भने तिमी व्यवस्थाको अधीनमा रहने छैनौ।

हामी ब्यबस्थाको अधिनमा छैनौ हामी ब्यबस्थाको अधिनमा हौ भने हामी पापको अधिनमा हुन्छौ । ब्यबस्थाले एउटा ब्यक्तिलाइ पनि पापको माथि जित्नको लागी सिकाउदैन । ब्यबस्थाले भन्छ यो गर् यो नगर गर्यो भने त्यो मान्छे मर्छ तर त्यसको माथि जित्न को लागी एक जनालाइ पनि सहाएता गर्दैन । किनभने ब्यबस्थाको भित्र आत्मा छैन । पत्थरमा लेखेको ब्यबस्था भित्र आत्मा छैन । खाली गर , नगर भन्छ तर नगर्नको लागी सामर्थ नै दिदैन । त्यो कारणले पुलिसको हातमा लाठि र बन्दुक दिएको छ पालन गरेन भने दण्ड दिनको लागी ।पालन गर्न को लागी साहाएता गर्नको लागी पुलिस आउदैन खाली पालन नगरे पछि दण्ड दिनको लागी आउछ । आत्माले डोर्याएको मान्छे ब्यबस्थाको अधिनमा होइन । आजकल कति इसाइहरुको आत्मा माथि को यरुशलेम संग जोडेको छैन तल धर्तिको यरुसलेम संग जोडिएको छ । तल को यरुसलेहेम को आमा हजीरा हो माथिको यरुसलेहेम को आमा सारा हो । यदि हाम्रो यरुसलेहेम धर्तिको हो भने हामी दास हौ । यदि हामी पबित्र आत्माको शिक्षामा हो भने हामीलाइ पुत्र को स्वतन्त्रतामा लिएर जान्छ । होइन भने दासत्वमा लिएर जान्छ । येशु आत्मामा ठुलो हुनुभयो ।

व्यबस्थाको अधिनमा बालक को रुपमा जन्मेको येशु बालक हुदा उहाँ को बाबा र आमा को अधिनमा हुनुहुन्थ्यो । येशुको आमा बाबा व्यबस्थाको मुनि थिए । व्यबस्थाको मुनि बाबा आमा छ भने तिनीहरुको छोरा छोरी पनि व्यबस्थाको मुनि हुन्छ । एक दिन ठुलो भए पछि परमेश्वरले भन्नुभयो उठ र बप्तिष्मा ले अनि जब येशुले बप्तिष्मा लिनुभयो तब उहाँ व्यबस्था को लागी संसारको लागी मर्नुभयो । बप्तिष्मा लिएर उठ्दा खेरी पबित्र आत्मा आएर भरियो र त्यस पछि पबित्र आत्मा डोर्याउनुहुन्छ । यो जीवन को लागी हामीलाइ बोलाइएको हो ।

मत्ती ४:१ सपछि आत्माले येशूलाई मरुभूमिमा लगेर गयो। दुष्टात्माद्वारा परीक्षा गर्नको निम्ति त्यहाँ लगिएको थियो।

सैतानले परिक्षा गर्नको लागी उजाड स्थानमा लग्यो । उजाड स्थान भनेको यस्तो जगा हो जाहाँ धेरै थोक को खाचो हुन्छ तर केहि पनि पाउन सक्दैन । सैतानले परिक्षा लिनको लागी यस्तो अबस्थामा लिएर जान्छ । जाहाँ हाम्रो बल र तागतको केहि काम हुदैन ।

मत्ती १४: [13]जब येशूले युहन्नामाथि भएका घटनाहरू सुन्नुभयो, उहाँ एउटा नाउमा चढेर निर्जन ठाउँमा जानूभयो। जब मानिसहरूले येशू गइसक्नु भएको कुरा थाहा पाए। तिनीहरूले आफ्नो शहर छाडेर जमीनको बाटो भएर येशूलाई पछ्‌याए।

[14]जब येशू नाउबाट उत्रनुभयो, त्यहाँ उहाँले मानिसहरूको भीड देख्नुभयो। उहाँ तिनीहरूप्रति अत्यन्त टीठाउनु भयो, अनि तिनीहरूमा विरामी परेकाहरूलाई निको पार्नु भयो।

[15]त्यसै अपरान्ह चेलाहरू येशू कहाँ पुगेर भन्नलागे, "यहाँ कुनै मानिस बस्दैनन्। अनि अब धेरै ढिलो भयो, तिनीहरूलाई पठाईदिनुहोस जसमा कि तिनीहरू आफैं गएर आफ्ना निम्ति खानेकुरा किन्न सकून्।"

उजाड स्थानमा येशु जानुभयो । किनभने येशुले सुन्नुभयो ।

व्यबस्था ८: 2 अनि तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको नेतृत्वमा मरूभूमिमा चालीस वर्षसम्म गरेको यात्राको सम्झना गर्नुपर्छ। यो तिमीहरूको परमप्रभुले परीक्षा लिनु भएको थियो कारण उहाँले तिमीहरूलाई विनम्र बनाउन चाहनु हुन्थ्यो। उहाँले तिमीहरूको हृदयका सब कुरा जान्न चाहनु हुन्थ्यो। तिमीहरू उहाँको आज्ञा पालन गर्छौ कि गर्दैनौ जान्न चाहनु हुन्थ्यो।

मरभुमिमा जाहाँ खेती छैन । पानी छैन रुखहरु केहि छैन । त्यस्तो ठाउमा बिहानै बिहानै मन्न आउछ । मन्न आज को लागी मात्र थियो भोलिको लागी राख्यो भने किरा आउछ । तर मान्छेहरुलाइ टेन्सन् भालि मन्न आउछ कि आउदैन भोलि को लागी राख्न पाए भन्ने कुरामा यस्तो सोचेर जस जसले राखे अर्को दिन किरा आयो । यो कुरा द्धारा परमेश्वरले इजरायलीहरुलाइ हर दिन परमेश्वरमा भरोसा गर्नलाइ उहाँलाइ सुन्नलाइ र उहाँमानै निर्भर हुनलाइ सिकाउनु भयो । इजरायलीहरुले जीवनको धेरै शाल धर्ती बाट आएको खाना खाएका थिए अचानक मरभुमीमा उनीहरुको खाना माथि देखी आयो । त्यसैगरी हामी पनि जीवनको धेरै शाल संसारको शिक्षा सुनेर सुनेर बसेको मान्छे आत्मा द्धारा जन्मे पछि हाम्रो शिक्षा माथि बाट आउछ । हर दिन त्यो माथि बाट आएको शिक्षालाइ हामीले सुन्नुपर्छ सुनेन भने तलको ससारको शिक्षा हामीले सुन्छौ । यता को सुन्न सक्छौ यदि यताको माथि को आवाज संग मिलेको छ भने सुन्न सक्छौ होइन भने हामीले सुन्न सक्दैनौ । परमेश्वरले दिन दिनै किन मन्न पठाउनुहुन्थ्यो र अर्को दिन राख्यो भने किरा आउथ्यो भनेर इजरायलीहरुले यो कुरा बुजेनन् किनभने उनीहरुलाइ बुझाउन उनीहरु संग आत्मा थिएन । तर हामी आत्माले जन्मेको मान्छे हामीलाइ यो कुरा पबित्र आत्मा बुझाउनुभयो । त्यसकारणले बचनले यस्तो भन्छ पुरानो नियम छाया हो र नयाँ नियम बास्तबिकता हो । इजरायलीहरुको जीवनलाइ हेरेर हामी पनि काम नगरी हर दिन मन्न दिनुहोस् भनेर हामी भन्न सक्दैनौ । त्यो त छायाँ मात्र हो । त्यो उनीहरुको लागी शरीर को कुरा थियो । त्यतिखेर उनीहरु संग आत्मा थिएन तर अहिले हामी संग आत्मा छ । आत्मा हामी संग हर दिन मन्न को रुपमा हामी संग बोल्नुहुन्छ । परमेश्वर को बचन हाम्रो लागी मन्न जस्तै सामर्थ हो , शक्ति हो जस द्धारा हामी परमेश्वर को इच्छा पुरा गर्न सक्छौ । मन्न इजरायलीहरुले खाए पछि उनीहरुले शक्ति पाउथे शरीरमा तागत पाउथे तर मन्न खाएर खाएर शक्ति पाएर पनि परमेश्वर को इच्छा पुरा गरेनन् । र खाएर खाएर उजाड स्थानमा नै मरे । तर हामी जब परमेश्वरको बचन खाएर खाएर आत्मा को शक्ति र सामर्थले हामी परमेश्वरको इच्छा पुरा गर्न सक्छौ र उजाड स्थानमा नै मर्दैनौ उजाड स्थान बाट अनन्त को जगामा हामी जान सक्छौ ।

3 परमप्रभुले तिमीहरूलाई विनम्र बनाउनु भयो अनि तिमीहरूलाई भोक लाग्न दिनु भयो। तब परमप्रभुले मन्न केही यस्तो चीज जो तिमीहरूले पहिले कहिल्यै जानेका थिएनौ खुवाउनु भयो। यो तिमीहरूका पिता-पुर्खाहरूले नै कुनै दिन देखेका थिएनन्। परमप्रभुले किन यसो गर्नु भयो? किनभने उहाँ तिमीहरूलाई बताउन खोज्नु हुन्थ्यो मानिसहरू भोजनले मात्र बाँच्दैन, मानिसहरू परमप्रभुले बताएको कुराहरूमाथि पनि आधारित हुन्छन्

मनिस भोजनले मात्र होइन तर परमप्रभुको मुख बाट निस्केको प्रत्यक बचनले जीउदछ । त्यो बचन पबित्र आत्मा बोल्नुहुन्छ र त्यो पबित्र आत्मा बोल्दा हामीले सुन्नुपर्छ ।

प्रस्थान ३:१ स समय मोशा उसको ससूराका भेडाहरूको हेरचाह गर्दैथिए। तिनका ससूरा यित्रो मिद्यानमा पूजाहारी थिए। मोशाले भेडाहरू मरूभूमिको पश्चिमतिर लगे। मोशा होरेब, परमेश्वरको पहाड गए।

पहिलो बार परमेश्वर मोशा संग बोल्दा मोशा उजाडस्थानमा थियो । उजाडस्थान भनेको एउटा यस्तो स्थान हो जाहाँ परमेश्वर बोल्न को लागी एउटा असल वातावरण हो । हामी मण्डलीमा वातावरण तयार गर्छौ पहिलानै हामी यति समय परमेश्वरलाइ दिन्छौ भनेर आउछौ त्यसपछि मोबाइल साइलेन्टमा राख्छौ र साउन्ड सिस्टम ठिक छ कि छैन तयार गर्छौ । मण्डलीको ढोका लगाउछौ यो सबै चिज हामी वातावरण तयार गर्नको लागी गर्छौ र त्यसको साथै ब्यक्तिगत रुपमा बचन ध्यान दिएर सुन्नु पनि पर्छ । वातावरण पुरा तयार छ तर ध्यान दिएर सुनेन भने त्यसको केहि पनि काम हुदैन । मोशा ४० शाल उजाड स्थानमा नै थिए र पनि उनले परमेश्वर

को आवाज सुनेको थिएन । किन भने उनी तयार भएका थिएनन् ४० शाल पछि परमेश्वर उनी संग बोले र उनले पनि सुने । त्यसै गरी हामी पनि शालौ शाल मण्डलीमा बस्न सक्छौ तर परमेश्वर को आवाज नसुन्न सक्छौ । मण्डलीमा त पुरा वातावरण ठिक छ कुनै डिस्ट्रबेन्स छैन पाष्टर उपवास बसेर बचन तयार गरेर आएको छ । तर पनि यदि हामी बसेर ध्यान सित सुन्नु पर्छ ।

[2]पर्वतमा मोशाले परमप्रभुको दूतलाई एउटा बल्दै गरेको पोथ्रामा देखे। पोथ्रामा आगो जलिरहेको थियो तर पोथ्रा चाँहि भस्म भएको थिएन। उनले हेरे त्यो आगो पोथ्रामा जलि रहेको थियो तर पोथ्रा भस्म भएको थिएन।
[3]मोशाले विचार गरे, "किन पोथ्रा आगो द्वारा नाश भएको छैन?"

स्वर्गदुत छ र पनि मोशाले देखेनन् । आगो छ तर केहि पनि जलेर खरानी भएको छैन । यो सब परमेश्वरले मोशालाइ आर्कसण गर्नको लागी गर्नुभएको थियो । हामी मण्डलीमा बचनको अगाडि आराधना बिश्वासीहरुको ध्यान परमेश्वर को तर्फ आकर्षण गर्नको लागी गर्ने गर्छौ । धेरै जना जो आराधनाको पछि आउछन् उनीहरु परमेश्वरको बचन सुन्न सक्दैनन् ।

[4]जब परमप्रभुले मोशालाई त्यो दृश्य ध्यान पूर्वक हेर्न आएको देख्नुभयो परमप्रभुले पोथ्राबाट यसो भन्दै बोलाउनु भयो, "मोशा! मोशा!"मोशाले उत्तर दिए, "म यहाँ छु।"

जब मोशाको ध्यान परमेश्वरमा अर्थात पोर्थामा भयो तब परमेश्वर मोशा संग बोल्नुभयो । त्यसैगरी जब सम्म हाम्रो ध्यान परमेश्वरमा जादैन परमेश्वर हामी संग बोल्नुहुन्न । परमेश्वरले त्यो चमत्कार को काम उजाड स्थानमा गर्नुभयो । त्यसकारण परमेश्वरले चमत्कार को काम जब हामी उजाड स्थानमा हुन्छौ तब मात्र गर्नुहुन्छ । अर्थात हामी यो संसार बाट अलग हुनुपर्छ र यस्तो अबस्थामा हामी हुनुपर्छ जाहाँ कुनै पनि कुरा खाली परमेश्वरमा मात्र आशा राख्न सकिन्छ । हाम्रो हातमा केहि नभएको स्थीतिमा मात्र परमेश्वरले हाम्रो जीवनमा अचम्मको काम गर्नुको साथै हामी संग बोल्नुहुन्छ । हजीरा जब उजाड स्थानमा पानी पनि नपाउने स्थानमा गए पछि परमेश्वर उनी संग बोल्नुभयो त्यस पछि हजिराको आखाँ खोलीयो र उनले् पानी त्यहि नजीकै देखिन् । त्यसकारण यदि हाम्रो आखाँ आफ्नै समस्यामा हो भने हामीले परमेश्वरलाइ देख्न र उहाँले बोलेको कुरा सुन्न सक्दैनौ । परमेश्वर संग हाम्रो हर समस्याको उपाए र उत्तर छ तर हाम्रो ध्यान परमेश्वर को तर्फ हुन जरुरी छ । जब उजाड स्थानमा मान्छेहरु संग खाना थिएन चेलाहरुको आखाँ यो उजाड स्थानमा पसल छैन केहि छैन खाना कसरी खुवाउने भन्ने कुरामा थियो । उनीहरुको बाहिरी आखाँले पसल देखेनन् त्यहाँ केहि पनि देखेनन् तर उनीहरुले आत्माको आखाँले हेरेनन् ।

लुका ३:१ जर टिबेरियसको पन्धौं वर्षमा पन्तियस पिलातस यहूदियाका राज्यपाल थिए, अनि जब हेरोद गालीलका शासक थिए तिनको भाइ फिलिप इतुरिया र त्राखोनितिसका शासक थिए अनि लुसानियास अबलेनका शासक थिए।
[2]जब अन्नास र कैयाफा प्रधान पूजाहारीहरू भएका थिए उजाड स्थानमा जकरियाको छोरो यूहन्नाले परमेश्वरको वचन पाए।

तिन जना शासक हुदा हुदै दुइ जना पुजाहारी हुदा हुदै यि सबै जना संग नआएर परमेश्वर को आवाज उजाडस्थानमा जकरियाको छोरो युहन्ना संग गयो । उजाडस्थान मतलब हामी उजाड स्थान खोजेर त्यहाँ जानु पर्दैन अहिले को हामो अबस्थामा भन्ने हो भने उजाड स्थान भनेको संसार र संसार को थोक देखी टाढाँ रहनु हो । चाहे सुख को होस् या दुखको संसारमा हाम्रो ध्यान गयो भने हामीले आत्मिक आवाज सुन्न सक्दैनौ । उजाड स्थान हो हाम्रो प्रार्थना को ठाउ जब हामी प्रार्थना गर्छौ त्यति खेर फोन बन्द गर्नु पर्छ कुनैपनि कुराले बाधा हुनुहुदैन त्यसैले एकान्त को ठाउ यदि एकान्त ठाउ छैन भने कौसीमा बिहानै बिहानै जानु पर्छ जाहाँ बिहानै कोहि पनि हुदैन ।

मर्कुस १:३५ *35* भोलिपल्ट बिहान, येशू चाँडै उठनुभयो। उहाँले घर छोड्नुभयो, बिहान अंध्यारोमा नै येशू एकान्तमा जानूभयो अनि प्रार्थना गर्न लाग्नु भयो।

येशु बिहानै उठेर कुनै कुराले पनि बाधा नहोस् भनेर उजाड स्थानमा प्रार्थना गर्न जानुभयो । येशुले पनि प्रार्थनाको लागी एकान्त खोज्नुभयो । सेवामा भएको नभएको ब्यक्ति कुनै पनि ब्यक्तिले यसरी प्रार्थना गर्‍यो भने आजको निम्ति परमेश्वर बाट सुन्न सक्छ ।

युहन्ना ६:६ [6]येशूले यो प्रश्न फिलिपलाई जाँच्नलाई सोध्नु भएको थियो। उहाँलाई थाहा भइसकेको थियो कि उहाँले के गरिरहनु भएको छ।

येशुले यो प्रस्न खाली फिलिप को जाचँ को लागी सोध्नुभएको थियो उहाँलाइ पहिलानै सबै थाहाँ भइसकेको थियो कारण उहाँले प्रार्थनामा पहिलानै आत्मा द्वारा सुनिसक्नुभएको थियो । येशुलाइ उजाड स्थानमा आत्माले सैतान द्वारा परिक्षा लिनलाइ लग्यो र येशुले चेलाहरु को जाचँ को लागी यिनीहरुलाइ खाना खिलाउ भन्नुभयो । हामीलाइ आत्माले पनि जाचँ गर्छ सैतानले पनि जाचँ गर्छ यतिखेर हामी संसारीक तरफ पनि जान सक्छौ र आत्मिक तरफ पनि जान सक्छौ । आत्मिक तरफ जान को लागी हामी संग आत्मा को सुनाइ हुनुपर्छ । त्यसकारण बचनमा दुइ कुरा लेखेको एउटा बचन अर्को प्रार्थना । बचन मात्र सुन्ने प्रार्थना नगर्ने मान्छे आत्मा द्वारा सुन्न सक्दैन । प्रार्थना मात्र गर्ने मान्छे सुन्यो भने पनि त्यसले गल्ती सुन्छ । कारण येशुलाइ जब सैतानले परिक्षा लिदा खेरी सैतानले भन्यो बचनमा यस्तो लेखीएको छ तर येशुले भन्नुभयो यस्तो पनि लेखीएको छ । त्यसको मतलब उहाँले बचन जान्नुहुन्थ्यो।

यशैया १४:१२-१७ । [12]तिमी बिहानको तारा जस्तो थियौ, तर तिमी आकाशबाट खस्यौ। पहिले सारा पृथ्वी नै तिमी समक्ष नतमस्तक हुन्थ्यो। तर अहिले तिमी काटिएर ढल्यौ।
[13]तिमीले सधैं आफैले आफूलाई भन्ने गर्दथ्यौ, "म सर्वोच्च परमेश्वर जस्तो उच्च हुनेछु। म आकाशमाथि जानेछु। म मेरो सिंहासन परमेश्वरको ताराहरूमाथि राख्नेछु। म पवित्र पर्वत जफोनको टापुमा बस्नेछु। म धेरै देवताहरूलाई त्यस पर्वतमाथि भेट्नेछु।

[14]म बादलहरूको बेदी सम्म जानेछु, म आफू सर्वोच्च परमेश्वर जस्तै हुनेछु।"
[15]तर त्यस्तो भएन, तिमी परमेश्वरसंग आकाशमाथि गएनौ, तिमीलाई गहिरो खाडल मनि ल्याइयौ पातालमा-मृत्युको ठाउँमा।
[16]मानिसहरूले तिनीहरूलाई देखेर तिमीहरूको बारेमा सोच्न थाले। तिनीहरूले देखे कि तिमीहरू पनि केवल मृत-शरीर रहेछौ, अनि मानिसहरूले भने, "के यो त्यही मानिसहरू हुन जो सारा पृथ्वीभरि ठूलो डरको कारण थिए?"
[17]के यो त्यही मानिस हो जसले शहरहरू ध्वस्त पार्यो र घना जङ्गलमा परिणत गरिदियो? के यो त्यही मानिस हो जसले युद्धमा समातिएका मानिसहरूलाई आफ्ना घर फर्कन दिएनन्?"

सैतान चाहन्थ्यो कि सैतान को सिहाशन परमेश्वरको सिहाशन भन्दा माथि उठोस् र परमेश्वरको भन्दा बढि उसको आराधना होस् । तिन वटा जगा छ । तेस्रो ठाउ जाहाँ परमेश्वर रहनुहुन्छ त्यहाँ सैतान जान सकेन । दोस्रो ठाउ माया हो त्यहाँ केहि पनि छैन त्यो नरक को स्वरुप हो । पहिलो हो हाम्रो पृथ्वी यसमा सैतान हो बिराजमान । मान्छेको हृदयमा सैतान हो अहिले परमेश्वर त्यसकारणले मान्छेहरुले सैतान को आराधना गर्छन् ।

१युहन्ना ५:१९ [19]हामीलाई थाहा छ कि हामी परमेश्वरका हौं। तर दुष्टले सारा संसारलाई नियन्त्रणमा राख्छ।

यो संसार सैतानको नियन्त्रणमा छ । त्यस कारण परमेश्वरले भन्नुहुन्छ यो संसार र यो संसारको थोकलाइ प्रेम नगर । अगर गर्यौ भने हाम्रो मनमा , हाम्रो हृदयमा हाम्रो सम्पुर्ण जीवनमा सैतानले राज्य गर्छ । दोस्रो स्वर्ग भनेको सैतान को स्वर्ग भनेको आत्मिक हो । उसले मान्छेलाइ उल्लु बनाउछ सैतानले स्वर्ग को जस्तै सबै बनाउन सक्छ र येशु को स्वरुपमा उता बस्न सक्छ ।

२ कोरिन्थी ११:१४ [14]त्यसमा कुनै अचम्म छैन। किन? शैतानले पनि मानिसलाई छक्कयाउन आफूलाई ज्योतिर्मय-दूतको रूप लिन्छ।

दास्रो स्वर्गमा अर्थात सैतानको स्वर्गमा आत्मिक रुपमा कुनै अर्को धरमको मान्छे अबिश्वासी गयो भने जुन भगवानलाइ उसले मानेको छ त्यहि रुपमा उ खडा हुन्छ । बिश्वासी आत्मामा गयो भने येशु जस्तै आफुलाइ उहाँको रुप देखाउछ । त्यसकारण सैतानले परिक्षा गर्दा येशुले उहाँको पुरा जीवनमा यो कहिले पनि भन्नुभएन कि उहाँले दर्शन पाउनुभयो , स्वप्न दर्शन देखे तर उहाँले बचन बाट लिएर भन्नुभयो यस्तो लेखिएको छ । येशुले आत्मा द्वारा बचन बाट सैतान संग सामना गर्नुभयो । आत्मामा चल्ने मान्छे स्वर्गमा गएर बोल्नु पर्दैन, पबित्र आत्मा हामी संगै हुनुहुन्छ । हामीलाइ लिखित बचन दिइएको छ । त्यो बचन आत्माले बोल्छ । र हामीले थाहाँ पाउछौ कि यो सैतानले बोलेको कि आत्माले बोलेको । त्यसकारणले बचनमा भनेको होसीयार हुनु अन्त को दिनमा मान्छेलाइ भ्रममा पार्नको लागी भन्नेछ येशु यता छ उता छ । त्यो भ्रममा नपर्नको लागी हामीलाइ परमेश्वरले उजाड स्थानमा लिएर जानुहुन्छ । त्यतिखेर हामीले प्रार्थनामा परमेश्वर संग भन्नुपर्छ मेरो भावना होइन तपाइको भाबना , मेरो इच्छा होइन तपाइको इच्छा , मेरो राज्य होइन तपाइको राज्य भन्नुपर्छ । आमेन

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद हामी समर्पण गर्छौ प्रभु सैतान हामीलाइ भ्रममा पार्नको लागी आउछ हामीलाइ बचाउनुस् प्रभु । तपाइको बचन तपाइको नाम भन्दा पनि माथि उचालिएको छ प्रभु । तपाइ को बचनमा लेखेको छ पिताको बिरुद्धमा पाप गर्यो भने क्षमा पाउछ , पुत्र येशुको बिरुद्धमा पाप गर्यो भने पनि क्षमा पाउछ तर आत्माको बिरुद्धमा पाप गर्यो भने क्षमा पाउदैन भनेर लेखेको छ । त्यसकारण तपाइको आत्मा को आवाज सुन्ने सामर्थ दिनुहोस् प्रभु । हाम्रो जीवन बाट आत्मा नलैजानुहोस् आत्मा हाम्रो जीवन बाट गयो भने हामी पनि नास हुन्छौ प्रभु त्यसकारण तपाइको लिखित बचन र पबित्र आत्मा को अगुवाइ मानेर अगाडि बढ्नको लागी अनुग्रह गर्नुहोस् प्रभु यो सबै बिन्ति प्रार्थना येशु प्रभुको नाममा आमेन ।*